# कमला टाईम्स दैनिक
कमलामाई मिडिया प्रा.लि.
Kamala Times Daily



**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरुको महान चाड वढा दशैं,शुभ दिपावली तथा छठपर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा,दाजुभाई तथा दिदीबहिनीहरुका साथै हाम्रा पाठक स्रोता, दर्शक,विज्ञापनदाता,शुभेच्छुक एवम शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शंखर पहाडी(गौरब)
सञ्चालक एवम अध्यक्ष
कमलामाई मिडिया प्रा.लि.
दुधौली नगरपालिका ०९, सिन्धुली र
लालबन्दी नगरपालिका ०९,सर्लाही परिवार



वर्ष ६ अंक ६९ मंगलबार ०७ असोज २०८२ Tue 23 Sept 2025 जि.प्र.का.सि.द.नं.५३/०७७/०७८ पृष्ठ सं. ४ मुल्य ५


## सर्लाहीका छ स्थानमा यात्रु सहायता कक्ष स्थापना,संग्रामपुरमा बांकी


दुर्गा कुमारी अधिकारी


सर्लाही ०६,असोज

दसैं लगायत प्रमुख चाडपर्व लक्षित गरि सर्लाहीका विभिन्न स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ ।यात्रुहरुको सुरक्षालाई मध्यनजर गर्दै सर्लाहीका छ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरीक्षक सरोज राईले जाकनारी दिए ।




उनका अनुसार लालबन्दी, बरहथवा,हरिवन,गडहिया मिलन चोक,कर्मैया चोक र मलंगवामा गरी छ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको र संग्रामपुरमा चाँडै यात्रु सहायता कक्ष स्थापना गरिने छ ।चाड पर्वको समयमा हुनसक्ने आपराधिक क्रियाकलाप नियन्त्रण, लागुऔषध नियन्त्रण तथा सवारी साधनको अस्वस्थ प्रतिस्प्रर्धालाई रोक्नुका साथै सरल र सहज यात्राका लागि यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी निरीक्षक रजोश घिमिरेले जानकारी दिए ।उनका अनुसार चाडपर्वको समयमा बढी दुर्घटना हुन सक्ने भएका कारण सवारी चेक जाँच,भार वाहन क्षमता तथा सिट क्षमता,चर्को भाडा असुलीका साथै माद्यक पदार्थ सेवन गरी सवारी चलाउनेलाई कडाइका साथ कार्बाही गरिने छ ।यात्रु सहायता कक्षले अलपत्र परेका यात्रुको गुनासो सुन्ने,बढी भाडा लिने ,बिच बाटोमै यात्रु झार्ने,टिकट र सवारीमा कालोबजारी गर्ने जस्ता अवाञ्छित कार्यको निगरानी तथा नियन्त्रण गर्न यातायात व्यवसायी र नागरिक समाजको सहकार्यमा २४ सै घण्टा सेवा प्रवाह गर्ने जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक योगेन्द्र कुमार खड्काले बताए ।
सर्लाहीमा ११ वटा नगरपालिका र नौ वटा गाउँपालिका गरी २० वटा पालिका रहेका छन् जहाँ करिब ७५ वटा प्रहरी युनिटहरुका साथै ११ वटा ट्राफिक प्रहरी युनिटहरुले सेवा प्रवाह गरि रहेका छन् ।जेन जी आन्दोलनको क्रममा जिल्लाका करिब तीन दर्जन प्रहरी युनिटहरुमा तोडफोड तथा आगजनी भएको भएपनि अहिले ती प्रहरी युनिटहरुबाट समेत सेवा प्रवाह सुरु भई सकेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। यात्राका क्रममा यात्रुहरुलाई कुनै प्रकारको असहज वा असुरक्षित महसुस भएमा वा सामान छुटेमा वा कुनै गुनासो/समस्या भएमा प्रहरीको हटलाइन नं. १०० वा प्रहरी कन्ट्रोल नं.९८५४०९०१९९,जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीको नं. ९८५४०९००३२ मा सम्पर्क गर्न पनि प्रहरीले अनुरोध गरेको छ ।

## सर्लाहीका एक सहित मधेशका छ युवा काठमाण्डौंबाट पक्राउ


कमला टाईम्स


सर्लाही ०६ ,असोज

भदौ २३ र २४ गते "जेन जी" पुस्ताको आन्दोलनको क्रममा काठमाडौंका विभिन्न प्रहरी कार्यालयहरुमा तोडफोड तथा आगजनी गरेको आरोपमा सर्लाहीका एक युवक पक्राउ परेका छन्।
आन्दोलनको क्रममा नयाँ बानेश्वरस्थित प्रहरी वृत्त, कोटेश्वर प्रहरी प्रभाग र नरेफाँट प्रहरी युनिटमा उश्रृङ्खल समूहले तोडफोड तथा आगजनी गरेको घटनामा संलग्न भएको आरोपमा महानगरीय प्रहरी परिसर काठमाडौंले सर्लाहीका १८ वर्षीय मुकेश शाह सहित मधेश प्रदेशका छ जना युवाहरुलाई नियन्त्रणमा लिएको हो ।
रौतहटका १९ वर्षीय अंशु कुमार गुप्ता,१८ वर्षीय शैरव यादव र २४ वर्षीय लक्कि बाबु जैसवाल, सप्तरीका २८ वर्षीय देवराज राय र धनुषाका १९ वर्षीय अजय कुमार शाह पक्राउ परेका महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ ।
प्रहरीका अनुसार पक्राउ परेकाबाट तोडफोड तथा आगजनीपछि लुटिएको ग्याँस सिलिन्डर र गोलीको खोका समेत बरामद गरिएको छ।उनीहरू कुनै राजनीतिक दलसँग आबद्ध नभएको र अधिकांश विद्यार्थी पृष्ठभूमिका रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको प्रहरीले जनाएको छ।
"जेन जी"पुस्ताको आन्दोलनको क्रममा सार्वजनिक तथा निजी सम्पतीमा हानी नोक्सानी पुर्‍याउने युवाहरुको फोटो,भिडियो तथा अन्य विवरणका आधारमा प्रहरीले खोज तलास गरी नियन्त्रणमा लिई रहेको छ ।

## जेनजी आन्दोलनको क्रममा सर्लाही मा ६३ करोड बढीको क्षति


शंखर पहाडी(गौरब)


सर्लाही ०६ असोज

"जेन जी"पुस्ताले भदौ २३ र २४ गते गरेको आन्दोलनको क्रममा तोडफोड र आगजनी हुँदा सर्लाही मा ६३ करोड भन्दा बढीको सार्वजनिक सम्पत्तिमा क्षति पुगेको छ।"जेन जी"पुस्ताले भदौ २३ र २४ गते गरेको आन्दोलनको क्रममा तोडफोड र आगजनी हुँदा सर्लाहीमा रु ६३ करोड ५५ लाख बराबरको सार्वजनिक सम्पत्तिमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय सर्लाहीले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ ।



"जेन जी"पुस्ताले भदौ २३ र २४ गते गरेको आन्दोलनको क्रममा तोडफोड र आगजनी हुँदा पूर्ण क्षति रु ४७ करोड २० लाख, आंशिक क्षति रु १४ करोड ३० लाख र सामान्य क्षति रु दुई करोड पाँच लाख गरी कुल रु ६३ करोड ५५ लाख बराबरको क्षति भएको सहायक प्रमुख जिल्ला अधिकारी शिवहरि पोखरेलले बताए ।
उनका अनुसार जिल्लामा सबैभन्दा धेरै क्षति स्थानीय तहहरुमा भएको छ ।११ वटा नगरपालिका र नौ वटा गाउँपालिका गरी २० वटा स्थानीय तह रहेको सर्लाहीका छवटा पालिकामा पूर्ण क्षति,दुईवटा पालिकामा आंशिक क्षति र तीनवटा पालिकामा सामान्य क्षति पुगेको छ।जस अनुसार लालबन्दी, ईश्वरपुर,बरहथवा,हरिपुर र हरिपुर्वा नगरपालिका तथा चन्द्रनगर गाउँपालिकामा पूर्ण क्षति पुगेको विवरणमा उल्लेख छ ।
पूर्ण क्षति भएका छ पालिकामध्ये लालबन्दी नगरपालिकामा सबै भन्दा बढी रु १७ करोड बराबरको क्षति भएको छ,भने ईश्वरपुर नगरपालिकामा रु १२ करोड, बरहथवा नगरपालिकामा रु १० करोड,हरिपुर नगरपालिकामा रु दुई करोड ७५ लाख,हरिपुर्वा नगरपालिकामा रु दुई करोड ४४ लाख र चन्द्रनगर गाउँपालिकामा रु तीन करोड एक लाख बराबरको क्षति भएको छ ।
त्यसैगरी आंशिक क्षति पुगेको हरिवन नगरपालिकामा रु १० करोड चार लाख,बागमती नगरपालिकामा रु तीन करोड ७५ लाख,सामान्य क्षति पुगेको ब्रम्हपुरी गाउँपालिकामा रु १६ लाख,मलंगवा नगरपालिकामा रु छ लाख र पर्सा गाउँपालिकामा रु १२ लाख बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।
कार्यालयले सार्वजनिक गरेको विवरण अनुसार प्रादेशिक कार्यालयतर्फ सामान्य क्षति पुगेको कृषि ज्ञान केन्द्र मलंगवामा रु १५ लाख,संघीय कार्यालयतर्फ आंशिक क्षति पुगेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ,सर्लाहीमा रु ४८ लाख र पालिका हुलाक कार्यालय लालबन्दीमा रु तीन लाख बराबरको क्षति भएको छ ।
संघीय सरकार मातहतकै सामान्य क्षति पुगेको नेपाल प्रहरीका विभिन्न युनिटहरुमा रु एक करोड ४५


बांकी पेज ४ मा


## दुर्गा पूजाको कलश यात्रा सहित घटस्थापना


गणेश खड्का


सर्लाही ०६, असोज

हरेक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि सुरु हुने नेपालीहरुको महान् पर्व बडादशैं सुरु भएको छ।यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म अर्थात १५ दिन धुमधामका साथ मनाइने बढा दशैंको स्थानीयले दुर्गा पूजाको सर्लाहीका दर्जनौं स्थानमा कलश यात्रा निकालिएको स्वागत गरेका छन् ।
सर्लाहीको लालबन्दी,हरिवन, बरहथवा,बयलवास र मलंगवा लगायत जिल्लाका २० वटै पालिकामा गाउँगाउँमा दुर्गा पूजाको कलश यात्रा निकालिएको हो।उक्त कलश दुर्गा पूजा हुने स्थानमा लगेर राखिएको छ।दुर्गा पूजाको मुर्ति स्थापना गरिएको ठाउँमा नौ रातसम्म भजन किर्तन सहितका कार्यक्रम हुने स्थानीय बताउँछन् ।बडादशैंको पहिलो दिन सोमबार घरघरमा विधिपूर्वक दियो,कलश र गणेश स्थापनासहित घटस्थापना सुरु गरिएको छ।
पूजा कोठा वा दसैं घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आव्हान गरी पूजा आरम्भ भएको छ ।घटस्थापनाका दिन बिहान नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट



बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौ रोप्ने गरिन्छ।यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ।
यव अङगुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसंगै समृद्धिको प्रतीक पहेँलो जमरा पनि ग्रहण गरिन्छ ।जमरामा जौ बाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद्हरु बताउछन्।कूल परम्परा अनुसार कसैले अन्य अन्न पनि जौसंगै रोप्ने गरेका छन्।जमरालाई आयुर्वेदिक औषधिका रूपमा समेत प्रयोग गरिन्छ ।

**घटस्थापनाको शुभ साइत ?**

बडादशैंको पहिलो दिन सोमबार घरघरमा विधिपूर्वक दियो,कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ।पूजा कोठा वा दशैं घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आव्हान गरी पूजा आरम्भ हुन्छ।नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार बिहान ९ बजेर १३ मिनेटमा घटस्थापना गर्ने साइत रहेको थियो ।

**दशैंको टीका साइत**

बडा दशैंको टीकाको साइत असोज १६ गते बिहीबार ११ बजेर ५३ मिनेटमा रहेको छ ।दशैंको टीकाको साइत सार्वजनिक गर्दै टीकाको


बांकी पेज ४ मा


**जीवन न्यायपुर्ण छैन्,यसको बानी बसाल्,जीवन सजिलो छैन् यसमा आफुलाई अभ्यस्त बनाउः विल गेट्स**

# सम्पादकीय

## सरकार कालोबजारी नियन्त्रण गर

कृषिप्रधान देश नेपालमा उत्पादन र आपूर्ति व्यवस्थापनमा अनियमितता देखिनु दु:खद मात्र नभई चिन्ताजनक विषय पनि हो।चाडपर्व नजिकिएसंगै बजारमा आवश्यक उपभोग्य वस्तु चामल,दाल,तेलदेखि मलखाद,औषधि र पेट्रोलियम पदार्थसम्म अत्यधिक मूल्यवृद्धि र अभावको समस्या बढ्दै गएको छ।

बजारमा दैनिक उपभोग्य वस्तुको अभाव सिर्जना गरेर वा आपूर्ति रोकावट गरेर कृत्रिम मूल्यवृद्धि गरिएपनि सरोकारवाला निकाय बेखबर देखिएका छन्।यस्तो गतिविधिबाट उपभोक्ता मात्र नभई मुलुकको समग्र अर्थतन्त्र प्रभावित हुन्छ।अभावमा वस्तु खरिद गर्न बाध्य सर्वसाधारणले महँगो मूल्य तिर्नुपर्छ भने अर्को तर्फ राज्यले राजस्व गुमाउँछ।यसरी हेर्दा,कालोबजारी एउटा सामान्य समस्या नभई गम्भीर अपराध हो।जसले देशको शासन प्रणाली,कानूनी व्यवस्था र वित्तिय प्रणालीमा ठूलो प्रभाव पारेको हुन्छ ।

कालोबजारी नियन्त्रण गर्न कानुन,ऐन र नियमावली बनाइएका भएपनि सरोकरावाला कै मिलेमतोमा कालोबजारी र कृतिम अभाव सृजना हुने क्रम रोकिएको छैन्।कानुन कडा बनेको छ तर कार्यान्वयन पक्ष कमजोर छ।कालोबजारी गर्ने व्यापारी, ठेकेदार वा आपूर्तिकर्ताहरूलाई समयमै कारबाही नगरी ढिला सुस्ती गर्दा उनीहरू अझै प्रोत्साहित भएका छन् भने राजनीतिक संरक्षण पाएका व्यापारीहरू निडर भएर कालोबजारी गर्ने गरेका छन्।

आर्थिक प्रलोभनमा परेको कार्यन्वयन पक्ष समन्वयको अभाव साथै कार्यन्वयनको क्षेत्रमा विभिन्न वाहना बनाएर पन्छिने मात्र गरिरहेका कारण नेपाली सर्वसाधारण उपभोक्ताहरु मारमा परेका छन् ।जिल्ला प्रशासन कार्यालय,आपूर्ति व्यवस्थापन विभाग,प्रहरी प्रशासन र उपभोक्ता अधिकार संगठनबीच तालमेल नभएको देखाएर तीनै सरोकारवाला निकायहरु कमिसन असुलीमा व्यस्त भएका छन् ।

कालोबजारी नियन्त्रणका लागि सरकारको भूमिका निर्णायक हुने भएपनि विचौलियाले चलाएको सरकार कमिसनमा मस्त हुँदा सर्वसाधारण नेपाली नागरिकहरु कालोबजारी र कृतिम अभावको मारमा परिरहेका छन् । त्यसलाई व्यवस्थापन गर्न सरकार र सरोकारवाला निकायले तत्काल र दीर्घकालीन दुवै रणनीति अपनाउनु पर्छ।तत्कालका लागि बजार अनुगमनलाई नियमित र कडाइका साथ सञ्चालन गर्नुपर्छ।अनुगमन केवल “मिडिया शो”वा “एकदुई दिनको आकस्मिक चेकजाँच” र “अनुगमनको वाहनामा कमिसन असुली” मा सीमित हुनुहुँदैन।निरन्तर निगरानी र दण्ड जरिवानालाई कठोर रूपमा लागु गर्नुपर्छ।

दीर्घकालीन रणनीतिमा आपूर्ति प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउनुपर्छ।कृषि उत्पादनदेखि आयातसम्मका सबै वस्तुको स्टक,आपूर्ति र वितरण प्रक्रियामा सूचना प्राविधिको प्रयोग गरी अनुगमन गर्न सकिने अवस्था सिर्जना गर्नुपर्छ। साथै, उपभोक्ता स्वयं सचेत हुन आवश्यक छ।उपभोक्ताले अनावश्यक रूपमा बढी भुक्तानी गर्न नमान्ने र कालोबजारी देखेपछि सम्बन्धित निकायमा उजुरी गर्ने संस्कृति विकास गर्नुपर्छ।

कालोबजारी नियन्त्रणले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ। मूल्य स्थिरता कायम हुन्छ,उत्पादन र वितरण प्रणाली पारदर्शी हुन्छ र सर्वसाधारणले राहत पाउँछन्।यसको विपरीत सरकारले बेवास्ता गरिरह्यो भने कालोबजारी गर्ने समूह अझै शक्तिशाली बन्ने छन् र नागरिक अझै मारमा पर्नेछन्।


अत:कडा कानुनी कार्यान्वयन,नियमित बजार अनुगमन,नियामक निकाय बीचको समन्वय र उपभोक्ताको सचेतना आजको आवश्यकता हो।सरकारले“कालोबजारी नियन्त्रण गर्छु”भन्ने भाषणमा सीमित नभई व्यवहारमै ठोस कदम चाल्नुपर्छ। जनताको दैनिकीसँग प्रत्यक्ष सम्बन्ध राख्ने यस समस्याप्रति गम्भीर बन्न नसके लोकतन्त्र र सुशासनको मूल्य नै खण्डित हुनेछ।

तसर्थ केवल घोषणा गरेर होइन,दृढ कार्यान्वयनमार्फत सरकारले आफ्नो जिम्मेवारी पूरा गरोस ।जनताको जीवनयापन सजिलो बनाउनु सरकारको प्रमुख कर्तव्य हो र त्यसको प्रारम्भ कालोबजारी नियन्त्रण बाटै हुन्छ।नेपाल भारत खुल्ला सीमानाकाबाट हुने भन्सार छली तथा चोरी तस्करी नियन्त्रण गरिनु पर्छ र दैनिक उपभोग्य सामाग्रीहरुको मूल्य निर्धारण गरिनु पर्छ ।तर नत मुल्य सूची राखिएको छ वा कुनै माल वस्तुको विक्रि गर्दा विल विजक नै जारी गरिन्छ ।

कमलामाई मिडिया प्रा.लि.द्धारा सञ्चालित कमला टाईम्स दैनिक पत्रिका र कमलामाई खबर डटकम पढेपछि सुझाव सल्लाह र प्रतिक्रिया दिनुहोला ।
९८५४०५९२४४

# संविधान दिवस: लोकतन्त्रको उपलब्धि र चुनौती

नेपालको संविधान २०७२ असोज ३ गते संविधान सभाबाट जारी भएपछि प्रत्येक वर्ष असोज ३ गतेलाई संविधान दिवसका रूपमा मनाउने गरिएको छ।यो दिनलाई केवल औपचारिक समारोह वा झण्डा फहराउने र आतसबाजी गर्ने दिन मात्र नभई नेपालको लोकतान्त्रिक यात्राको मूल्यांकन गर्ने अवसरका रूपमा लिन जरुरी छ। संविधान कुनै पनि राष्टूको आत्मा हो,जसले राजनीतिक व्यवस्था,नागरिक अधिकार र राज्यको भविष्यको दिशानिर्देश गर्छ।त्यसैले संविधान दिवसले हामीलाई उपलब्धि,कमजोरी र सुधारका आवश्यकता स्मरण गराउँछ।




### संविधान निर्माणको ऐतिहासिक यात्रा

नेपालमा संविधान लेखनको प्रक्रिया सहज थिएन।२०६२/०६३ को जन आन्दोलनपछि मुलुकमा राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भयो।दुई पटक संविधान सभा निर्वाचन भयो। हजारौं छलफल र बहस भए अनि जनताको प्रतिनिधिहरूले अन्तत:२०७२ मा संविधान जारी भयो ।

तर संविधान घोषणा सर्वसम्मत थिएन।केही दल र समुदायका असन्तुष्टिका कारण तत्कालै आन्दोलन भड्कियो।मधेश,थारू र अन्य सीमान्तकृत समूहहरूले आफूलाई पर्याप्त प्रतिनिधित्व नभएको भन्दै संविधानका विरुद्ध सडकमा उत्रिए।यसले संविधान निर्माणलाई ऐतिहासिक उपलब्धि बनाउनुका साथै विवादको पनि विषय बनायो।

### संविधानका प्रमुख उपलब्धि

**१.संघीय लोकतान्त्रिक गणतन्त्र :** संविधानले नेपाललाई संघीय संरचनामा रूपान्तरण गऱ्यो।**तीन तहको सरकार :** संघ, प्रदेश र स्थानीय तह गरी शक्ति बाँडफाँट गरिएको छ।यसले अधिकार विकेन्द्रीकरण र स्थानीय शासनलाई सबल बनाएको छ।

**२.मौलिक अधिकारको प्रत्याभूति :** शिक्षा, स्वास्थ्य, रोजगार, अभिव्यक्ति स्वतन्त्रता, समानता,सामाजिक न्याय र वातावरणीय हकजस्ता मौलिक अधिकारलाई संविधानले सुनिश्चित गरेको छ।यी अधिकारले नागरिकलाई अधिकार सम्पन्न बनाउने आधार तयार गरेको छ।

**३.समावेशीता र समानुपातिक प्रतिनिधित्व :** महिला, दलित ,आदिवासी(जनजाति,मधेशी, पिछडिएको क्षेत्र तथा वर्गका नागरिकलाई समानुपातिक प्रतिनिधित्व मार्फत राज्य संरचनामा सहभागिता सुनिश्चित गरिएको छ।जसको उपलब्धी स्वरुप गणतन्त्र नेपालमा महिला राष्ट्रपति र सभामुख बनाउने काम भयो ।

**४.धर्मनिरपेक्षता र सांस्कृतिक विविधताको संरक्षण :** संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्रका रूपमा परिभाषित गरेको छ।यसले सबै धर्म,भाषा र संस्कृतिलाई समान सम्मान र संरक्षणको ग्यारेन्टी गरेको छ ।

**५.संवैधानिक निकायहरूको सबलीकरण :** मानव अधिकार आयोग, निर्वाचन आयोग,अख्तियार दुरुपयोग अनुसन्धान आयोग,लेखा परीक्षण कार्यालय जस्ता संवैधानिक निकायलाई सबल बनाएर सुशासनको आधार तयार गरिएको छ।

### संविधानका कमजोरी र विवाद

**१.असन्तुष्ट मधेश र थारू समुदाय :**संविधान जारी भएसँगै मधेश आन्दोलन सुरु भयो। उनीहरूको असन्तुष्टि मुख्यत:प्रदेश सीमांकन, समानुपातिक प्रतिनिधित्व र पहिचानमा आधारित संघीयताको प्रश्नमा थियो।अहिले पनि यी मागहरू पूर्ण समाधान हुन सकेका छैनन्।जसका कारण मधेशवादी केही राजनीतिक दलहरुले संविधान दिवशको दिन कालो दिनको रुपमा समेत मनाउने गरेका छन् ।

**२.कार्यान्वयनमा कमजोरी :** संविधानमा धेरै अधिकार उल्लेख भए पनि व्यवहारमा लागू भएको छैन।स्वास्थ्य र शिक्षा मौलिक अधिकार भए पनि सबै नागरिकले गुणस्तरीय सेवा पाउन सकेका छैनन्।संविधान प्रदत्त अधिकार कागजी रुपमा लेखिएको भएपनि नेपाली सर्व साधारण नागरिकहरुले त्यो महसुस गर्न पाएका छैनन् ।

**३.शक्ति संघर्ष र राजनीतिक अस्थिरता :** संविधानले स्पष्ट शक्ति बाँडफाँट गरेको भए पनि राजनीतिक दलहरूको सत्ता(संघर्षले संविधानको आत्मा कमजोर पारेको छ।सरकारहरू छोटो अवधिमा बदलिरहँदा नीति निरन्तरता हराएको छ।दिगो विकास हुन सकिरहेको छैन् ।

**४.न्यायपालिकामा प्रश्न :** न्यायालय स्वतन्त्र भए पनि कार्यशैलीमा प्रश्न उठ्ने गरेको छ। संवैधानिक व्याख्यामा राजनीतिक प्रभाव देखिँदा संविधानको मर्यादा घटेको छ।स्वतन्त्र हुने भनिएका अंगहरुलाई राजनीतिक दवाव सृजना गर्दा संविधानको मर्म मरेको छ ।

**५.संघीय अभ्यासमा अस्पष्टता** प्रदेश र स्थानीय सरकारलाई पर्याप्त अधिकार दिइए पनि संघीयता अझै पूर्णरूपमा संस्थागत हुन सकेको छैन।वित्तीय स्वायत्तता,कानुन निर्माण र कार्यान्वयनमा समस्या देखिएको छ।हात खुट्टा बाँधेर प्रत्यायोजन गरिएको अधिकारले अर्थ नराख्ने प्रष्ट छ ।

### संविधान दिवसको वर्तमान महत्व

आज संविधान दिवस केवल विगत सम्झने दिन मात्र होइन,भविष्यको बाटो कोर्ने अवसर हो। संविधानले दिएको अधिकार नागरिकले प्राप्त गरिरहेका छन् कि छैनन्? राजनीतिक दलहरुले जनताप्रति उत्तरदायित्व देखाइरहेका छन् कि छैनन्? यस्ता प्रश्नहरूको जवाफ खोज्नु नै संविधान दिवस मनाउने सार्थकता हो।

संविधान दिवसले जनतालाई आफ्नो अधिकारबारे सचेत गराउनु पर्छ।साथै,राज्यलाई आफ्नो कर्तव्य सम्झाउनु पर्छ।यदि संविधान केवल किताबका पानामा सीमित रह्यो भने यसको मूल्य र मान्यता हराउँछ।

### लोकतन्त्रलाई सबल बनाउन संविधानको भूमिका

लोकतन्त्र केवल निर्वाचनमा सीमित हुँदैन।यो सामाजिक न्याय, समानता, सुशासन र उत्तरदायित्वमा निहित हुन्छ।संविधानले यी सबैका लागि आधार तयार गरेको छ।तर जनताले निरन्तर सचेत आवाज उठाउनु पर्नेछ।नागरिक समाज,पत्रकारिता र सचेत नागरिकले संविधान कार्यान्वयनमा निगरानी भूमिका खेल्नुपर्छ।

### आगामी चुनौती र सम्भावना

**१.संविधान संशोधनको आवश्यकता :** संविधान स्थिर कागज होइन,समय अनुसार परिमार्जन योग्य दस्तावेज हो। मधेश,थारू र अन्य समुदायको असन्तुष्टिलाई सम्बोधन गर्न संविधान संशोधन आवश्यक छ।“जेन जी”पुस्ताको आन्दोलन पनि संविधानको भावना अनुसार राजनीतिक दलहरुलाई चल्न समेच गराउने अभियान हो ।

**२.संघीयताको सबलीकरण:** प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन वित्तीय र कानुनी स्पष्टता दिनुपर्छ। संघ,प्रदेश र स्थानीय सरकार बीच सहकार्य र विश्वास कायम गर्न आवश्यक छ।

**३.सुशासन र जवाफदेहिता** भ्रष्टाचार नियन्त्रण,नीति निरन्तरता र जवाफदेहिताले मात्र संविधानको आत्मा बलियो हुन्छ।

**४.नागरिक चेतना :** संविधानलाई जीवन्त बनाउन नागरिकले आफ्नो अधिकारबारे सजग हुनुपर्छ र राज्यलाई निरन्तर दबाब दिनुपर्छ।

**निष्कर्ष** :

संविधान दिवस नेपालको लोकतान्त्रिक यात्राको महत्वपूर्ण माइलस्टोन हो।यसले हामीलाई संघर्ष,बलिदान र उपलब्धि सम्झाउँछ।तर संविधानलाई केवल उत्सव मनाउने साधन नभई जीवन्त दस्तावेजका रूपमा कार्यान्वयन गर्न सक्नुपर्छ।

संविधानले हामीलाई संघीय लोकतान्त्रिक गणतन्त्र,मौलिक अधिकार,समावेशीता र समानता दिएको छ।तर यसलाई कार्यान्वयन गर्ने जिम्मा राज्यका अंग, राजनीतिक दलहरु र नागरिक सबैको काँधमा समान रूपले पर्छ।

**अन्तत**:संविधान दिवसले हामीलाई लोकतन्त्र केवल कागजमा होइन,व्यवहारमा सुनिश्चित गर्नुपर्ने मूल्य हो। संविधानलाई जगेर्ना गरेर मात्र हामीले समान,न्यायपूर्ण र समावेशी समाज निर्माण गर्न सक्छौं।भन्ने स्मरण गराउँछ ।

**११ औं संविधान दिवशको अवसरमा सबैलाई शुभकामना**

**लेखक शंखर पहाडी(गौरब) :कमालमाई मिडिया प्रा.लिका सञ्चालक एवम प्रकाशक हुन भने करिब दुई दशकदेखि नेपाली पत्रकारिता क्षेत्रमा सक्रिय रहेर लागि रहेका छन्**

सुशासन प्रवर्द्धन गरौं।कानून पालना गर्ने सस्कार र संस्कृतिको विकास गरौं।भ्रष्टाचार,अनियमितता विरुद्ध शुन्य सहनशील अपनाऔं।सार्वजनिक सेवालाई पारदर्शी,उत्तरदायी र जवाफदेही बनाऔं।राज्य र समाज प्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं।रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं।विकास निर्माणका कार्यमा सहभागिता जनाऔं।अन्याय,अत्याचार, भ्रष्टाचार,घुसपेठ तथा अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं। सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं।संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको रक्षा गर्न आ आफ्नो ठाउँबाट गैर कानूनी कार्यको खुलेर विरोध गरौं । कुनैपनि गैर कानूनी कार्य भए गरेको थाहा पाएमा वा देखेमा हामीलाई खबर गरौं ।

कमलामाई मिडिया प्रा.लि.
दुधौली ९ सिन्धुली र लालबन्दी ६ सर्लाही
९८५४०५९२४४

## विषादीको प्रयोगमा सावधानी अपनाउने सम्बन्धी सूचना ।।

पछिल्लो समय नेपालमा अत्यधिक विषादीको प्रयोग बढेको छ।हामीले दैनिक रुपमा खाने फलफुल,साग/सब्जी,माछा तथा मासु लगायत खाद्यन्नहरु उत्पादनका लागि पनि विषादीकै प्रयोग हुने गरेको छ।विषादी प्रयोग भएको खानेकुराले मानव शरीरलाई फाईदा नगर्ने भएकोले विषादीरहित खानपानमा ध्यान दिऔं ।

### विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु

थकान महशुस हुनु,टाउको दुख्नु,रिंगटा लाग्नु,छाती दुख्नु ।
छाला लाटो हुनु,चिलाउनु र फोका आउनु ।
आँखा रातो हुनु,पोल्नु,आँसु बगि रहनु,धमिलो देखिनु र आँखी भौं फरफराउनु ।
नाक पोल्नु,पातलो सिंगान बगि रहनु,खोकी लाग्नु,वाकवाकी लाग्नु,वान्ता हुनु र निन्द्रा नलाग्नु। हिँड्दा लड्खडाउनु,कम्पन हुनु,होस हराउनु,स्वाँ स्वाँ बढ्नु र मुर्छा पर्नु साथै त्यसवाट प्यारालाइसिस,हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।

### विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु

चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं ।
जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ ।
जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने,
अपांगता हुन सक्ने र ज्यानैसमेत जान सक्दछ ।
एन्टिबायोटिक औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं ।
औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुन: बल्झिन सक्दछ ।
त्यसैले चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम औषधिको सेवन गरौं ।

**गोडैता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सर्लाही,मधेश प्रदेश, नेपाल**









**लालबन्दी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लालबन्दी,सर्लाही,मधेश प्रदेश,नेपाल**


**गुणस्तरीय स्वास्थ्य सेवाको अर्को नाम**
**लालबन्दी मोडेल अस्पताल प्रा.लि.**
**लालबन्दी ६,सर्लाही**
**मोवाईल नं. ९७६६३३०४०० फोन नम्बर :०४६ ५०१५१६**

**हाम्रा सेवाहरु,**
डिजिटल एक्स रे सेवा, भिडियो एक्स रे सेवा
ICU सेवा, NICU सेवा, ECG सेवा,
Ventilater सेवा, Phototherapy सेवा,
Blood Transfusion सेवा,
ल्याब सेवा र नर्मल डेलिभरी गराउनुका साथै CS को पनि सुविधा छ।

**हामी कहां,**
(१)डा.जियाउल हक :(मूत्र रोग विशेषज्ञ):नेपाल मेडिसिटी अस्पताल काठमाडौं,हरेक महिनाको तेस्रो शुक्रबार दिउँसो ११ देखि २ बजे सम्म ।
(२)डा.राम प्रकाश साह:(Psychiatrist) (नेशनल मेडिकल कलेज),हरेक महिनाको तेस्रो शनिवार दिउँसो ११ देखि २ बजे सम्म ।
(३)डा.अभिषेक कुमार ठाकुर:(Orthopedic Surgen)(टिचिङ अस्पताल काठमाडौं) हरेक महिनाको चौथो शनिवार बिहान १० देखि ३ बजे सम्म ।
(४)डा.सुनिल कुमार सिंह :(नाक,कान तथा घाँटी रोग विशेषज्ञ),हरेक महिनाको पहिलो शनिवार दिउँसो ११ देखि २ बजे सम्म ।
(५)डा.आनन्द प्रकाश सिंह:(Pediatrician)बाल रोग विशेषज्ञ,(कान्ति बाल अस्पताल),हरेक आईतबार बिहान ७ देखि दिउँसो २ बजे सम्म ।
(६)डा.प्रमोद झा:(Dermatologist)(लालगढ अस्पताल)छाला रोग विशेषज्ञ,हरेक मंगलबार बिहान १० देखि ११ बजे सम्म
(७) डा.रामा शंकर यादव: (General Surgeon)(विर अस्पताल) आवश्यकता अनुसार,
(८)डा.अशोक साह:(Orthopedic)हरेक महिनाको पहिलो आईतबार दिउँसो १२ देखि ३ बजे सम्म।
(९)डा.बब्लु ठाकुर:M.B.B.S. २४ सै घण्टा ।
(१०)डा.अनिल कुमार साह:(Endocrinologist)नेशनल मेडिकल कलेज,हरेक महिनाको चौथो शनिवार बिहान १० देखि २ बजे सम्म ।
(११)डा.आलोक कुमार कुशवाहा: M.B.B.S./M.D.(Internal medicine) हरेक दिन बिहान १० देखि २ बजेसम्म ।
१२)डा.सन्तोष कुमार झा (Gynocologist) धरान :वरिष्ठ स्त्री तथा नि:सन्तान रोग विशेषज्ञ,हरेक महिनाको चौथो शनिबार बिहान १० देखि २ बजे सम्म ।
१३)डा.सन्दीप यादव(Orthopedic Spine surgen),हरेक महिनाको पहिलो आईतबार बिहान १० देखि २ बजे सम्म ।
१४)डा.रन्जीत साह (Gynocologist) हरेक महिनाको पहिलो शनिबार बिहान १० देखि २ बजे सम्म
१५)ड.लिमु कुमारी साह(वरिष्ठ स्त्री,प्रसुती तथा नि:सन्तान रोग विशेषज्ञ),हरेक महिनाको दोस्रो र चौथो शुक्रबार बिहान ७ देखि ९ बजे सम्म ।
१६)डा.विक्रान्त मेहता: (Orthopedic surgen),आवश्यकता अनुसार ।
१७)डा.अखिलेस झा : (Radiologist) हरेक शनिबार बिहान १० देखि २ बजे सम्म ।
१८)डा.विद्यानाथ चौरासिया: (surgen)हरेक महिनाको चौथो शनिबार दिउँसो १२ देखि ३ बजे सम्म।
**(नोट:दम रोगीहरुका लागि हरेक महिनाको दोस्रो र चौथो बुधबार नि:शुल्क P.F.T. सेवा उपलब्ध छ ।)**
**लालबन्दी मोडेल अस्पताल प्रा.लि.**
**लालबन्दी ६,सर्लाही**
**मोवाईल नं. ९७६६३३०४०० फोन नम्बर :०४६ ५०१५१६**





**गोलन्जोर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ग्वाल्टार,सिन्धुली बागमती प्रदेश,नेपाल**

**सफलताका तीन शुत्र एक हरेश नखाउं,दुई कहिलै हरेश नखाउ र तीन कहिलै पनि हरेश नखाउ :विस्टन चर्चिल**

# गोलन्जोरमा १५ शैयाको अत्याधुनिक आधारभूत अस्पताल सञ्चालन

**कमला टाईम्स**
**सिन्धुली ०६,असोज**

सिन्धुलीको गोलन्जोर गाउँपालिका ३ ग्वाल्टारमा निर्माण भएको १५ शैयाको अत्याधुनिक आधारभूत अस्पताल सञ्चालनमा आएको छ। ग्रामीण बस्तीका बासिन्दालाई स्वास्थ्य सेवाको पहुँच पुर्याउन करिब १८ महिना लगाएर रु छ करोड ७६ लाख २१ हजार एक सय ३५ रुपैयाँमा निर्माण भएको १५ शैयाको अस्पताल सञ्चालनमा आएको गोलन्जोर गाउँपालिकाको स्वास्थ्य शाखाका संयोजक बिरेन्द्र साहले जानकारी दिए।

उनका अनुसार सञ्चालनमा आएको अस्पतालबाट आपतकालीन बिरामी भर्ना सेवा,भिडियो एक्स रे सेवा, दन्त सेवा,सामान्य शल्यक्रिया, एक्स रे र ईसिजी सेवा सञ्चालन हुन्छ । दातृ संस्थाको रु एक करोड बराबरको अत्याधुनिक चिकित्सा उपकरण पनि उत्त अस्पताललाई उपलब्ध गराएको छ ।गोलन्जोर र फिक्कल गाउँपालिका सहित छिमेकी जिल्ला रामेछापको सुनकोशी तटिय क्षेत्रको बिर्ता, धनेघाट,रातटार र ओखलढुंगा तथा खोटाङका नागरिकहरुलाई समेत सेवा लिन सहज हुने गोलन्जोर गाउँपालिकाका उपाअध्यक्ष ज्यावाल प्रसाद न्यौपाने( पुकार)ले बताए ।

उनका अनुसार नेपाल सरकारको "एक स्थानीय तह,एक आधारभूत अस्पताल"नीति अन्तर्गत हाल देशभरका गाउँपालिका र नगरपालिका तहमा स्वास्थ्य पूर्वाधार विस्तार भइरहेको र गोलन्जोर गाउँपालिकाले पनि ग्रामीण भेगका नागरिकलाई सहज, सस्तो र गुणस्तरीय उपचार सुविधा दिन अस्पताल निर्माण गरि सञ्चालनमा ल्याएको हो।

गोलन्जोर आधारभूत अस्पताल सञ्चालनमा आएपछि गोलन्जोर गाउँपालिका मात्र नभई आसपासका जिल्लाका सीमावर्ती क्षेत्रमा बसोबास गर्ने हजारौं जनताले लाभ लिने गोलन्जोर गाउँपालिकाका अध्यक्ष शंकर राज बरालले बताए।उनका अनुसार अब उपचारका लागि, सिन्धुली सदरमुकाम,हेटौंडा,धरान वा काठमाडौं धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ।गोलन्जोर गाउँपालिका ३ स्थित ग्वाल्टारमा ब्याक टु लाइफ ईभी जर्मनीको आर्थिक सहयोगमा १५ शैयाको अस्पताल निर्माण गरिएको हो।निर्माण कार्यमा समुदाय पद्धति विकास सेवा (सीएसडीएस) सिन्धुलीले प्राविधिक सहयोग पुऱ्याएको थियो भने एआर्डी कन्स्ट्रक्सनले ठेक्का लिएको गाउँपालिकाले जनाएको छ ।

गोलन्जोर गाउँपालिकाले अस्पताल सञ्चालनका लागि हाल कार्यालय सहयोगी बाहेक ३२ जना विभिन्न तहका कर्मचारीहरुको दरबन्दी स्वीकृत गरिसकेको छ।प्रारम्भिक चरणमा एक जना एमबीबीएस चिकित्सक,स्टाफ नर्स,प्रयोगशाला प्राविधिक,फार्मेसी सहायक र अन्य आवश्यक स्वास्थ्य कर्मीहरू रहने गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।अस्पताल सञ्चालनलाई प्रभावकारी बनाउन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान,हेटौंडा र गोलन्जोर गाउँपालिकाबीच पाँच वर्षे सहकार्य सम्झौता समेत भई सकेको छ।सम्झौतामा प्रतिष्ठानका उपकुलपति डा.प्रदीप ज्ञवाली र गाउँपालिका अध्यक्ष बरालले हस्ताक्षर गरेका छन् । अस्पताल सञ्चालनमा आएपछि तत्काल उपचार,नियमित स्वास्थ्य परीक्षणदेखि आपतकालीन सेवा सम्मका सुविधा आफ्नै गाउँमा प्राप्त हुने भएपछि खुसी थपिएको स्थानीयले बताए ।

## दुर्गा पूजाको............

साइत असोज १६ गते बिहीबार ११ बजेर ५३ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।समितिका अनुसार असोज १३ गते सोमवार फूलपाती,श्री तुलजाभवानी यात्रा बिहान ७ बजेर १७ मिनेटमा तोकिएको छ भने असोज १४ गते मंगलबा महाष्टमी,कालरात्रि र असोज १५ गते बुधवार महानवमी स्थिरासन बिहान ९ बजेर २३ मिनेटमा तोकिएको छ ।

## जेनजी आन्दोलनको............

लाख,सशस्त्र प्रहरी बल नेपालका विभिन्न चेक पोष्टमा रु छ लाख र सर्लाही जिल्ला अदालतमा रु पाँच लाख बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ ।कार्यालयका अनुसार"जेन जी"पुस्ताले भदौ २३ र २४ गते गरेको आन्दोलनको क्रममा निजी सम्पत्तिमा भएको भौतिक तथा आर्थिक क्षतिको सम्वन्धमा विवरण संकलन हुनेक्रम जारी रहेको छ।साथै प्रारम्भिक क्षतिको विवरण संकलन भएसँगै स्थानीय प्रहरी,प्रशासनले दोषी व्यक्तिको पहिचान गर्ने र कारवाही अघि बढाउने काम सुरु गरेको स्रोतले जनाएको छ ।

Golanjor Rural Municipality
Office of the Rural Municipal Executive
Golanjor-3,Gwaltar,Sindhuli

Invitation for Bids

(First Date of Publication: 1st Shrawan 2082)
(Second Date of Publication: 5th Bhadra2082)
(Third Date of Publication: 7th Ashwin 2082)

1.The Golanjor Rural Municipality invites electronics bids from the eligible bidders for the procurement of following works for internal revenue collection purpose:

| Contract ID NO | Description | Minimun Bid Amount NRS (Excluding Vat) | Minimunm Bid Security (NRS) | Cost for Bid document(NRS) |
|---|---|---|---|---|
| GRM/SIN/REVENUE/GOODS/NCB/01/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder) | 50,42,923.20 | 5% of Bid Amount | 3000 |

2.Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website WWW.BOLPATRA.GOV.NP/EGP.

Chief Administrative Officer

# सर्लाहीका तीन पालिका निमित्तको भरमा

**कमला टाईम्स**
**सर्लाही ०६,असोज**

११ वटा नगरपालिका र नौ वटा गाउँपालिका गरी २० वटा स्थानीय तह रहेको सर्लाहीका दुई वटा नगरपालिका सहित एउटा गाउँपालिका गरी तीन वटा पालिका अझै निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा सञ्चालन भई रहेका छन् ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले देशभरका सबै पालिका निमित्त रहित बनाएको दाबी गरेपनि सर्लाहीकै तीनवटा पालिका निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा सञ्चालन भई रहेका पाइएको हो ।

मन्त्रालयले एक सय २२ जना उपसचिव र ९७ जना शाखा अधिकृतको सरुवा गरेर प्रमुख प्रशासकीय अधिकृत खटाउने निर्णय गरेको भएपनि सर्लाहीको हरिपुर र कविलासी नगरपालिका तथा विष्णु गाउँपालिका अहिले पनि निमित्त प्रमुख प्रशासकीय अधिकृतले नै चलाई रहेका छन् ।हरिपुर नगरपालिकामा शाखा अधिकृत विनय पौडेल,कविलासी नगरपालिकामा आर्युवेद शाखाका राज किशोर महतो र विष्णु गाउँपालिकामा स्वास्थ्य शाखाका कर्मचारी संजिव सापकोटाले लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गरी रहेका छन् ।

पालिकाका जनप्रतिनिधिहरुले आर्थिक चलखेल गर्नको लागि आफु निकटलाई निमित्त बनाउने र मन्त्रालयले सरुवा गरी पठाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिरै हुन नदिने गरेका स्थानीयको आरोप छ ।

वि.सं.२०८२ असोज ७ गते मंगलबार ई.सं.२०२५ सेप्टेम्बर २३ नेपाल सम्बत ११४५ गुंलागा आमै,सिद्धार्थि नाम संवत्सर सूर्य दक्षिणायन,शरद ऋतु,असोज शुक्ल द्वितीया, चन्द्रमा कन्या राशिमा,हस्ता नक्षत्र,ब्रहा योग,बालव करण।बिहान ५ बजेर ५३ मिनेटमा झुल्किएको घाम साँझ ६ बजेर १ मिनेटमा अस्ताउने छ ।

## आजको राशिफल

**मेष** : आजको दिन सामाजिक क्रियाकलाप एवम् परोपकारका क्षेत्रमा मन आकर्षित हुनेछ । मित्रजनसँग भेटघाट र मिष्ठान्न भोजनको अवसर आउनेछ । व्यापार(व्यवसायबाट राम्रै आम्दानी हुने योग छ । कठिन ठानिएको काम पनि सहजै बन्ने देखिन्छ । रसरागको भाव जागृत होला । समग्रमा दिन मनोरञ्जनात्मक रहनेछ .

**बृष** : दिन केही चुनौतीयुक्त रहला । भौतिक साधनको क्षतिले अनावश्यक धननाशको सम्भावना छ । हातहतियार एवम् सवारीसाधनको प्रयोगमा विशेष सजगता अपनाउनुपर्नेछ । सबल स्वास्थ्यका लागि खानपानमा सचेत रहनुहोला । अनावश्यक झमेलामा पर्ने योग रहेकोले नियमित कार्य अत्यन्त सजगताका साथ गर्नु हितकर हुनेछ । यात्राको क्रममा पनि सावधानी अपनाउनुहोला ।

**मीथुन** : आँट/पराक्रम वृद्धिका साथै बौद्धिकता एवम् रचनात्मकता बढ्ने समय छ । धनजनमा वृद्धिका साथै समस्यामा मित्रजनबाट साथ(समर्थन पाइएला । ठुला व्यक्तिसँग फलदायी भेटघाट हुनसक्छ । विशेष काम तत्काल अघि नबढेपनि अप्ठ्यारोमा साथ दिनेहरू भेटिनेछन् । खुशीको खबर सुन्न पाइने योग छ । शत्रुमाथि विजय प्राप्त होला । यात्रागत कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : रोकिएका कार्ययोजना अघिबढ्नाले थप काम गर्ने हौसला मिल्ने समय छ । आरोग्यबल बढ्नुका साथै आयआर्जनको दृष्टिले उत्तम दिन छ । सुखद यात्राको सम्भावना छ । प्रयत्न गर्दा फसेको रकम उठ्नसक्ने योग छ । मनमा कता कता हर्ष छाउला । आरोग्यबल बढ्नेछ । मिठो भोजन प्राप्त होला । साथीभाइको सहयोगले सुख बढ्नेछ । रसरागमा आकर्षण बढ्नेछ ।

**सिंह** : नियमित कार्यमा जाँगर बढ्ने समय छ, तथापि आज कुनै पनि नयाँ कामचाहिँ शुरु नगर्नु उचित हुनेछ । लेनदेको काम पनि नगरेकै बेश होला । रमाइलो यात्राको सम्भावना छ । यात्रा फलदायी नै रहला । घरमा पाहुनाको आगमनले खुशी प्रदान गर्ला । धनलाभको योग छ । आरोग्यबल बढ्नेछ । परिवारिक सुख वृद्धिले उत्साह बढाउनेछ ।

**कन्या** : दिन केही चुनौतीयुक्त रहला । चिताएको काम शुरु गर्दानगर्दै स्थगित गर्नुपर्ने अवस्था आउला । स्वास्थ्य केही कमजोर रहन सक्छ । खानपान एवम् दैनन्दिन व्यवहारमा ध्यान राख्नुहोला । प्रेममा धोका र धननासको योग छ । सानातिना काममा महत्वपूर्ण समय बित्ने देखिन्छ । सहयोगीजनले साथ दिए पनि काम अधुरै रहनसक्छ । यात्रागत कार्यमा भने आंशिक सफलता मिल्नेछ ।

**तुला**: मिश्रित फलदायी समय छ । नियमित कार्यमा जाँगर बढेपनि महत्वपूर्ण योजनामा व्यवधान खडा हुन सक्छ । सबल स्वास्थ्यका लागि आहारविहारमा विशेष सतर्क रहनु हितकर हुनेछ । मित्रहरूसँग मनोरञ्जनात्मक भेछघाट एवम् छलफलले मन हर्षित तुल्याउला । मिठो भोजन प्राप्त हुनेछ । भौतिक बस्तुको क्षति हुने योग रहेकोले विशेष सतर्कताको दरकार छ ।

**वृश्चिक** : दौडधुप तथा व्यस्तता बढेपनि आजको दिन महत्वपूर्ण कार्य सम्पन्न हुने देखिन्छ । परिवारजनको इच्छा पूरा गर्न सकिनेछ । पढाइलेखाइमा सफलता मिल्नेछ भने सामाजिक कार्यमा मन जाला । माता पितासँगको भेटघाटले मनमा हर्षउल्लास छाउनेछ । कृषिक्षेत्रमा भने अलिक बढी परिश्रम र लगानी गर्नुपर्ने योग छ ।मिठो भोजन प्राप्त हुनेछ। आरोग्यबल बढ्नेछ । रसरागात्मक क्रियाकलापमा आकर्षण बढ्नेछ । बौद्धिक र रचनात्मक कार्यमा पनि विशेष सफलता प्राप्त हुने देखिन्छ ।

**धनु** : सुखदायी समय छ । पारिवारिक सुख मिल्नुका साथै ब्यापार(व्यवसायमा पनि फाइदा हुने देखिन्छ । विपरितलिङ्गीको साथ(सहयोग प्राप्त भइ मन हर्षित हुने योग छ । नियमित कार्यमा जाँगर बढ्नेछ । धन आर्जनको योग छ । दाम्पत्यसुख बढ्नेछ । साहस वृद्धि होला । सुख सुविधाको वस्तु खरिदमा केही खर्च हुन सक्छ । योजना र बजेट बनाइ कार्य गर्नु बेस होला ।

**मकर** : काममा अवरोध सिर्जना गर्नेहरू सक्रिय रहनसक्ने दिन छ, होसियारी अपनाइ काम गर्नुहोला । शारीरिक प्रतिस्पर्धाका कार्यमा विशेष आकर्षण रहेपनि सफलता प्राप्तिमा भने अवरोध पैदा हुने देखिन्छ । ब्यर्थै समयको नाश होला । मनमा त्यसै त्यसै उदासिनता बढ्ने देखिन्छ । आजको दिन विश्वास गरेका व्यक्तिले पनि धोका दिनसक्ने प्रवल सम्भावना छ, ध्यान राख्नुहोला । परिवारजनबाट भने साथ, समर्थन र सहयोग मिल्नेछ ।

**कुम्भ** : पराक्रम बढ्ने र सामाजिक काममा नाम रहने दिन छ । जागिरको काममा भने विशेष सजगता अपनाउनुपर्नेछ । स्वास्थ्यका दृष्टिकोणले राम्रो समय छ । आर्थिक लाभको योग छ । सामाजिक कार्यबाट मान सम्मान पाउन सकिन्छ । प्रेमभाव बढ्नेछ । मिठो भोजन प्राप्त हुनेछ । कुनै पनि प्रकारको शारीरिक र आर्थिक विकाससित सम्बन्धित कार्यमा सफलता मिल्ने देखिन्छ ।

**मिन** : आजको दिन उत्साहवर्द्धक रहला । प्रेम र मित्रताको बन्धन कसिनुका साथै साथ(सहयोग र उपहार पाइने देखिन्छ । सुखद यात्राको योग पनि रहेको छ । सोचेको काम बन्नाले मन रमाउला । विशिष्टजनको सहयोग र बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । पराक्रम वृद्धिका साथै शत्रुसित लड्ने सामर्थ्य बढ्नेछ । आफन्तजनको पनि साथ मिल्नेछ ।

**राशिफलमा जे जस्तो उल्लेख भएपनि तपाईको आजको दिन सुखद रहोस्**

कमलामाई मिडिया प्रा.ली., कार्यालय : दुधौली नगरपालिका ९ सिन्धुली,शाखा कार्यालय:लालबन्दी नगरपालिका ०६,सर्लाही,सञ्चालक एवम प्रकाशक: शंखर पहाडी (गौरब), सम्पादक : गणेश खड्का, प्रेस प्रतिनिधि : दुर्गा कुमारी अधिकारी, सम्पर्क : ९८५४०५९२४४,ईमेल:Drspgaurab77@gmail.com, मुद्रण :पाथिभारा अफसेट प्रेस,लालबन्दी,सर्लाही,मधेश प्रदेश,नेपाल